कृषि प्रसार कार्यक्रम संचालन (तेस्रो संशोधन) नर्मस, २०८३

कृषि प्रसार कार्यक्रम संचालन नमर्स, २०७९ लाई संशोधन गर्न वान्छनीय भएकोले,

प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले देहायको नमर्स बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस नमर्सको नाम "कृषि प्रसार कार्यक्रम नमर्स (तेस्रो संशोधन) नमर्स, २०८३" रहेको छ।

(२) यो नमर्स मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

२. कृषि प्रसार कार्यक्रम संचालन नमर्स, २०७९ मा संशोधनः कृषि प्रसार कार्यक्रम संचालन नमर्स, २०७९ को दफा ९(ठ) पछि देहायको दफा ९(ड) थप गरिएको छ :-

"९.(ड) कृषि मेला, महोत्सव/प्रदर्शनी सञ्चालन तथा सहभागीता कार्यक्रमः

(क) उद्देश्यः

- बाली उत्पादक कृषकलाई प्रत्यक्ष लाभ दिलाउँदै उत्पादन, प्रशोधन, मूल्य श्रृङ्खला र बजार प्रवर्द्धनमा सहकार्य गर्न/गराउन।

(ख) कार्यक्रम सञ्चालन प्रक्रिया तथा प्राविधिक पक्षः

- कृषि मेला, महोत्सव/प्रदर्शनी सञ्चालन गरिने स्थल प्राविधिक, भौगोलिक एवं आर्थिक दृष्टिकोणले उपयुक्त हुनुपर्नेछ।

(अ) मन्त्रालय वा सम्बन्धित कार्यालय आफैले कृषि मेला, महोत्सव/प्रदर्शनी कार्यक्रम सञ्चालन गर्नेः

- मन्त्रालय वा सम्बन्धित कार्यालयले आवश्यकता औचित्यता र सम्भाव्यताको आधारमा वार्षिक स्वीकृत बजेटको परिधि भित्र रही सम्बन्धित सरोकारवाला निकायसँग समन्वय तथा सहकार्य गरि कार्यक्रम आयोजक मूल व्यवस्थापन समिति तथा आवश्यकता अनुसार उपसमिति गठन गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(आ) अन्य संस्थाहरुको साझेदारीमा सञ्चालन हुने कृषि मेला/महोत्सव/प्रदर्शनी कार्यक्रममा सहयोगः

- विभिन्न संस्थाहरुले आयोजना गर्ने कृषि मेला, महोत्सव/प्रदर्शनी कार्यक्रममा मन्त्रालय वा सम्बन्धित कार्यालयले स्वीकृत वार्षिक बजेटको परिधि भित्र रही

प्रदेश सचिव

मा. इस्राईल मन्सुरी
मन्त्री

देहाय बमोजिमको रकम सहयोग गरी सह-आयोजक/प्रायोजक/प्रर्वद्धकको रुपमा रहन सक्नेछ:

(क) पालिकास्तर: अधिकतम रु १,००,०००/- (अक्षरपि एक लाख सम्म)

(ख) जिल्लास्तर: अधिकतम रु २,००,०००/- (अक्षरेपि दुई लाख सम्म)

(ग) प्रदेशस्तर: अधिकतम रु ५,००,०००/- (अक्षरेपि पाँच लाख सम्म)

- विभिन्न संस्थाहरुले आयोजना गर्ने कृषि मेला, महोत्सव/ प्रदर्शनी कार्यक्रममा रकम सहयोगको लागि सम्बन्धित संस्थाले कार्यक्रम सञ्चालन गर्नु अघि कार्यक्रमको प्रस्ताव सहित रकम सहयोगको लागि मन्त्रालय वा सम्बन्धित कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ र मन्त्रालय वा सम्बन्धित कार्यालयले स्वीकृत बजेटको परिधिमा रही रकम र शीर्षकको बाँडफाँड गरि, सोहि अनुसार दुई पक्ष बीच सम्झौता गर्नु पर्नेछ।
- मन्त्रालय वा सम्बन्धित कार्यालयबाट सहयोग गरिने रकम मेला आयोजक संस्थाले कृषि मेला, महोत्सव सञ्चालन हुने स्थल भाडा, स्टल निर्माण, कृषकलाई पुरस्कार तथा सम्मान, स्टलमा बस्ने कृषकहरुलाई तोकिएको सार्वजनिक भाडादर अनुसारको आतेजाते खर्च, सरकारी सञ्चार माध्यमबाट हुने विज्ञापन तथा कृषि सम्बन्धी प्रचार प्रसार, बालीसँग सम्बन्धीत विज्ञ सम्मेलनका लागि आवश्यक पर्ने खर्च तथा अन्य व्यवस्थापन खर्च गर्न सकिनेछ।
- कार्यसम्पन्न प्रतिवेदन र सम्झौता अनुसार कार्यक्रम खर्च बिल सहित रकम भुक्तानीको लागि मेला आयोजक संस्थाले निवेदन पेश गरेपछि सम्बन्धित कार्यालय वा मन्त्रालयले भुक्तानी गर्नु पर्नेछ।

(ग) क्रियाकलाप तथा आर्थिक पक्ष:

मन्त्रालय वा सम्बन्धित कार्यालय आफैले कार्यक्रम सञ्चालन गर्ने हकमा सम्बन्धित निकायको प्रमुखबाट लागत स्टिमेट स्वीकृत गर्ने र अन्य संस्थाहरुबाट सञ्चालन हुनेमा दुई पक्षीय सम्झौता बमोजिम स्वीकृत बजेटको परिधि भित्र रही सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ तथा प्रचलित सार्वजनिक खरिद कानुनको अधिनमा रही खर्च गर्नु पर्नेछ।"

प्रदेश सचिव

मा. इस्राईल मन्सुरी
मन्त्री